# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | ४ | | | | मूल ऐनको दफा ४.... | मूल ऐनको दफा ४ को उपदफा (२) को सट्टा देहायको (२) राखिएको: "(२) परिषद्को कानून अभ्यास गरीरहेकामध्येका सबैभन्दा ज्येष्ठ अधिवक्ताले सदस्यले अध्यक्ष हुनेछन् र नेपाल बार एसोसिएशनको अध्यक्ष परिषद्को उपाधक्ष्य हुनेछन्।"<br><br>यद्यपि, परिषद्को समग्र गठनमा राजनैतिक दलसँग आबद्ध व्यक्तिहरू हुने भएकाले वकिलहरूको नियमन स्वतन्त्र, निष्पक्ष र पारदर्शी रूपमा नहुने भएकाले समग्र परिषद्को संरचनामा उल्लेख्य फेरबदल हुनुपर्दछ । | परिषद्को संरचना -<br>• महान्याधिवक्ता प्रधानमन्त्रीबाट नियुक्त राजनैतिक पदिधकारी हुने,<br>• नेपाल बार एशोसियसनका अध्यक्ष अमुक राजनैतिक दल सम्बद्ध पदाधिकारी हुने । प्रत्येक प्रदेशबाट आउने ७ जना वरिष्ठ अधिवत्ता वा अधिवक्ता अमुक राजनैतिक दल सम्बद्ध पदाधिकारी हुने ।<br>• नेपाल बार एशोसिएनबाट मनोनिय ३ जना वरिष्ठ अधिवत्ता वा अधिवक्ता समेत अमुक राजनैतिक दल सम्बद्ध हुने ।<br>उल्लेखित अवस्थामा परिषदमा एउटै पेशा र क्षेत्रका व्यक्तिहरुको बाहुल्यता देखिदा त्यसले निष्पक्ष र प्रभावकारी कार्य सम्पादन गर्न कठिनाई देखिन्छ । साथै एउटै परिषद् स्वार्थ समूहहरुको संगठन हुन पुग्ने अवस्थामा नियमनकारी भूमिका निर्वाह गर्न कठिनाई रहने देखिन्छ । |
| २ | ५ | १ | | | खण्ड (ग) पछि देहायको खण्ड (ग१) राखिएको (ग२) (ग३) थप गरिएको | विधेयकमा प्रस्तावित उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको: "खण्ड (ग) पछि देहायको खण्ड (ग१), (ग२) र (ग३) राखिएको छ: "(ग१) प्रचलित कानून बमोजिम दर्ता भएका कानून व्यवसायीको कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक गर्ने। सूची सार्वजनिक हुनुपर्ने र सो सूचीमा हरेक कार्यालय वा फर्मका निम्न जानकारी समेटिनुपर्नेछ<br>- कार्यरत कर्मचारी सङ्ख्या (इन्टर्न सहित),<br>- फर्मले कति वटा केस हेरिरहेको, कुन वकिलले कति वटा केस हेरिरहेको र<br>- यदि कुनै वकिलले अनुशासन समितिबाट कारवाही भोगेको भए सो को विवरण।<br><br>(ग२) कार्यालयमा कार्यरत व्यक्तिको पारिश्रमिकसम्बन्धी श्रम विभागले नियमित अनुगमन गर्नुपर्ने।<br>(ग३) सेवा प्रवाह गरे बापत कार्यालय, फर्म वा वकिलले लिने शुल्कमा पारदर्शिताकोलागि कार्यविधि बनाई नागरिकको न्यायसम्म आर्थिक पहुँच, भौगोलिक पहुँच र भाषाको पहुँच सुनिश्चित गर्ने।" | नयाँ कानुन स्नातकहरूको शोषण व्यापक छ— नेपाल बार एशोसिएशनको युवा कानुन व्यवसायीहरूले गरेको एक अध्ययनले देखाएको छ की ८०.४२%ले न्यूनतम पारिश्रमिकभन्दा कम तलबमा काम सुरू गरेका छन्। यति सम्म कि ५७.८३% ले कुनै पारिश्रमिक नपाई काम सुरु गर्नुपरेको बताएका छन्। कानुनी फर्महरूमा भैरहेको युवा वकिलहरूको श्रमको दुरुपयोग बारे काउन्सिलले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हो। कुनै वकिलले कति केस हेरिरहेका छन्, ल फर्ममा कति कर्मचारी छन्, कति केस हेर्दै छन् - हरेक विवरण सार्वजनिक रूपमा विद्युतीय माध्यमबाट हेर्न पाए सेवाग्राहीले को सँग सेवा लिने भन्ने बारे सही निर्णय लिन सक्छन्; जसले कानुनी फर्महरूको कार्यभार, शुल्क, र प्रतिष्ठाबारे जानकारी उपलब्ध गराओस्। विधेयकले पारदर्शिता कायम गर्न कानून व्यवसायीले लिने शुल्क बैंकिङ्ग च्यानलमार्फत लिने व्यवस्था गर्ने प्रस्ताव गरेको छ। तर, केवल बैंकिङ्ग च्यानल प्रयोग गर्नु मात्रै पर्याप्त छैन। नेपाल बार एसोसिएसनले २०८० मा गरेको एक अध्ययनअनुसार, अधिकांश मुद्धाहरूमा सेवाग्राहीहरूले तिर्ने शुल्कको कुनै निश्चित दर नहुँदा अनावश्यक आर्थिक शोषण हुने समस्या देखिएको छ। त्यसैले, पारदर्शिता सुनिश्चित गर्न शुल्कको रेकर्ड परिषद्मा दर्ता गरिनुपर्नेछ। त्यसका साथै, वकिलहरूमाथि भएका अनुशासन कारबाही सार्वजनिक गरिनुपर्छ ताकि पारदर्शिता र उत्तरदायित्व सुनिश्चित होस्। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ५ | २ | | | नयाँ उपदफा (२) थप गर्ने र दफाक्रम मिलाउने | (२) मूल ऐनको दफा ८ को उपदफा (घ) मा "कानून व्यवसायीको" भन्ने शब्दहरूको सट्टा "सरकारी अधिवक्ताहरूसहित सबै कानून व्यवसायीको" भन्ने शब्दहरू राख्ने | सरकारी क्षेत्रमा अधिवक्ताहरूको अभ्यासलाई सम्बोधन र नियमन गर्ने कुनै प्रक्रिया |
| ४ | ५ | ६ | | | उपदफा थप | उपदफा (ठ१) पछि देहायको (ठ२) थप्ने- "शैक्षिक संस्थाको शैक्षिक क्यालेण्डरहरू हेरेफेर गरी entrance examको समयहरू sync गर्ने" | सरकारी विशाविद्यालायाको भर्ना र प्राइभेटको भर्नाको समय मिलाएमा विद्यार्थीले सही निर्णय लिन सक्छन्, सरकारी विश्वविद्यालयमा भर्ना नखुल्दै प्राइभेट कलेजले भर्ना लिँदा विद्यार्थीलाई अनावश्यक तनाब हुने |
| ५ | ६ | | | | मूल ऐनको दफा १० को उपदफा २ पछि देहायको उपदफा (२क) थपिएको | संशोधन थप: मूल ऐनको दफा १० को उपदफा (४) को सट्टा देहायको (४) राख्ने: "(४) महालेखापरीक्षकको कार्यालयले प्रत्येक वर्ष परिषद्को लेखापरीक्षण गर्नेछ।" | नेपालको संविधान र लेखापरीक्षण ऐन अनुसार परिषद्को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयको क्षेत्राधिकारमा पर्ने र महालेखापरीक्षकको कार्यालयको नियमित बजेटबाट लेखापरीक्षण हुने हुँदा छुट्टै लेखापरीक्षक नियुक्त गरी सार्वजनिक कोषबाट छुट्टै खर्च गर्न आवश्यक नरहेको |
| ६ | ७ | १ | | | नयाँ संशोधन थप गरी दफाक्रम मिलाउने | (१) मूल ऐनको उपदफा (१) मा "कुनै कानून व्यवसायीले यो ऐन ... छानबिन गरी आवश्यक कारवाही गर्नका लागि" पछि देहायको वाक्य थप गरिनेछ - "एउटा पूर्णकालिन समिति गठन गर्नेछ। यो स्वतन्त्र निकायहरूका प्रतिनिधिले बनेको हुनुपर्छ, जसमा गैर-व्यवसायिक कानुनी विज्ञहरू, सेवानिवृत्त न्यायाधीशहरू, र नागरिक समाजका प्रतिनिधिहरू समावेश गरिनुपर्छ। समिति गठनसम्बन्धी थप तोकिए बमोजिम हुनेछ।" | हालको अनुशासन समिति प्रभावहीन भएको कानून व्यवसायी कै गुनासो छ, किनभने यस समितिका सदस्य वकिलहरू नै हुन्छन्। सहकर्मीहरूले एक-अर्कालाई कारबाही गर्ने सम्भावना कम हुन्छ। अन्य देशहरूमा जस्तै नेपालमा पनि यस्ता समिति पूर्णकालिक, स्वतन्त्र निकायहरू हुनुपर्छ। |
| ७ | १० | | | | मूल ऐनको दफा १५ मा संशोधन ... | संशोधन थप: मूल ऐनको दफा १५ को उपदफा (१) मा "वर्षमा कम्तीमा दुई पटक परिषद्ले परीक्षा संचालन गर्नेछ ..." | वर्षमा लाइसेन्सिङ् परिक्षा एक पटक मात्र हुँदा पुन: परिक्षा दिन पर्नेहरूको एक वर्ष खेर जाने भएकोले |
| ८ | १० | | | | मूल ऐनको दफा १५ मा संशोधन ... | संशोधन थप: मूल ऐनको दफा १५ को उपदफा (२) पछि देहायको (३) थप गर्ने र दफाक्रम मिलाउने - (३) अधिवक्ताहरूले नियमित कानूनमा हुने नयाँ परिवर्तनबारे जानकारी भइरहनका लागि हरेक पाँच वर्षमा रिलाइसेन्सिङ्ग (re-licensing) परिक्षा दिनुपर्ने। सो परीक्षा विद्युतीय माध्यमबाट सहजै दिन मिल्ने गरी परिषद्ले सञ्चालन गर्नेछ" | अधिवक्ताहरूले नियमित कानूनमा हुने नयाँ परिवर्तनबारे जानकारी हुनुपर्छ |
| ९ | ११ | | | | विधेयकमा नयाँ दफा थप गरी दफाक्रम मिलाउने | (११) मूल ऐनको दफा १६ को उपदफा (१) मा देहायको वाक्य थप गर्ने "परिषद्को पाठ्यक्रम नियमित रूपमा अद्यावधिक गरिनेछ। " | कानूनमा धेरै परिवर्तन भइरहने हुँदा, कानून व्यवसायीको परीक्षाको पाठ्यक्रम समेत अद्यावधिक भइरहनु पर्ने भएकाले |
| १० | १५ | | | | मूल ऐनको दफा २१मा संशोधन.... | उपदफा (१) खारेज गरिने | १० वर्ष थप अनुभवले वरिष्ठ अधिवक्ता हुँदा के कस्तो फरक पर्ने भन्ने बारे कुनै evidence नै नदिइएको र यसले नव प्रवेशी, युवा अधिवक्ताहरूलाई अवसरबाट बञ्चित गर्ने भएकोले |

(१) नाम, थर: सुमना श्रेष्ठ दस्तखत: क्र. स.: २५२ मिति २०८१ - १२ - २१